कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल

स्थापना : २०७३

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७९/०८०

मिति : २०७९/१०/१८

चलानी नं. :

**विषय : आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षा संचालन तथा रजिष्ट्रेसन फाराम भर्ने भराउने सम्बन्धमा।**

श्री कक्षा ८ संचालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,

कोहलपुर, बाँके।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिका नगरस्तरीय आधारभूत तह (कक्षा ८) परीक्षा संचालन तथा मूल्यांकन समन्वय समितिको मिति २०७९/१०/१६ गते बसेको बैठकको निर्णय अनुसार आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ। साथै तपसिल बमोजिमका प्रावधानहरू पुरा गरी रजिष्ट्रेसन फाराम भर्न भराउन अनुरोध छ।

**तपसिल :**

| मिति | विषय | पूर्णाङ्क | समयावधि | कैफियत |
|---|---|---|---|---|
| २०७९ चैत्र ०५ गते, | अनिवार्य अंग्रेजी | ७५ | २:१५ मिनेट | |
| २०७९ चैत्र ०६ गते, | अनिवार्य नेपाली | ७५ | २:१५ मिनेट | |
| २०७९ चैत्र ०७ गते, | तयारी बिदा | | | |
| २०७९ चैत्र ०८ गते, | अनिवार्य गणित | १०० | ३:०० घण्टा | |
| २०७९ चैत्र ०९ गते, | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | ७५ | २:१५ मिनेट | |
| २०७९ चैत्र १० गते, | पेशा, व्यवसाय र प्रविधि शिक्षा | ५० | १:३० मिनेट | |
| २०७९ चैत्र ११ गते, | शनिबार | | | |
| २०७९ चैत्र १२ गते, | विज्ञान तथा वातावरण | ७५ | २:१५ मिनेट | |
| २०७९ चैत्र १३ गते, | कम्प्यूटर/ऐ. गणित (पू. १००/३:०० घन्टा) | ५० | १:३० मिनेट | |
| २०७९ चैत्र १४ गते, | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३० | १:०० घण्टा | |
| | नैतिक शिक्षा | २५ | ४५ मिनेट | |

**प्रावधानहरू :**

- परीक्षाको रजिष्ट्रेसन तथा समष्टिगत फाराम शाखाबाट मिति २०७९/१०/२० गतेदेखि बुझिलिई २०७९/११/१५ गतेसम्म परीक्षार्थीबाट फाराम भरी भराई प्रधानाध्यापकले प्रमाणित गरी शाखामा बुझाउनु पर्नेछ।
- फाराममा भर्नु पर्ने सबै विवरणहरु सही तरिकाले, सही ठाउँमा, केरमेट नगरी तथा टिपेक्स प्रयोग नगरी भर्नु पर्नेछ।
- परीक्षार्थीको विवरण (सुरूको नाम, बिचको नाम, थर, जन्ममिति, आमा/बुवाको नाम, थर) जन्मदर्ता अनुसार फरक नपर्ने गरी भर्नु पर्नेछ र परीक्षा फारामसँगै सम्बन्धित विद्यार्थीको जन्मदर्ताको प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
- फाराम बुझाउँदा विद्यालयको IEMIS को सफ्टवेयर अन्तरगतको Grade VIII Templete मा सबै विवरणहरु भरी, रुजु गरी Soft Copy र Hard Copy (विद्यालयले प्रमाणित गरेको) सहित पेश गर्नु पर्नेछ।
- सफ्टवेयर सम्बन्धी प्राविधिक सहयोग तथा थप जानकारी चाहिएमा शाखामा सम्पर्क राख्नु होला।

२०७९/१०/१८

रविलाल मिजार

शाखा अधिकृत

शाखा अधिकृत